महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

नरहरिनाथ गाउँपालिका
कालिकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः १८४

मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री गाउँपालिका अध्यक्ष ज्यू,
नरहरिनाथ गाउँपालिका, कालिकोट ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १८५

मितिः २०७८।०५।०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री गाउँपालिका अध्यक्ष ज्यू,
नरहरिनाथ गाउँपालिका, कालिकोट ।

कैफियत सहितको राय

हामीले नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ३ करोड ६६ लाख ९४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु ६० लाख ६८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड २ लाख २ हजार नियमित गर्नुपर्ने रु. १ करोड ७२ लाख ७९ हजार पेश्की बाँकी रु ३१ लाख ४५ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ३७ (सैत्तिस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं।त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभुत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(नारायण एम. सी.)
नायब महालेखापरीक्षक

श्री नरहरिनाथ गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य, १४३ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार १८३ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी	५८,४३८,७१२.००	६४,३०३,७७०.८२	१	आन्तरिक श्रोत		४६,५००,६८१.६८
	आन्तरिक राजस्व	५,८६५,०५८.८२			चालु	४,८२९,५७०.२५	
					पुँजिगत	४१,६७१,१११.४३	
२	संघिय राजस्व बाँडफाँड	५१,००८,८०५.००	५१,००८,८०५.००	२	राजस्व बाँडफाँड		६३,३३१,९६०.५५
					चालु	५५,१५६,५९०.३२	
					पुँजिगत	८,१७५,३७०.२३	
३	वित्तिय समानीकरण अनुदान	११७,७००,०००.००	११७,७००,०००.००	३	वित्तिय समानीकरण अनुदान		७८,८८१,२३७.२४
					चालु	२०,८२७,५६०.५५	
					पुँजिगत	५८,०५३,६७६.६९	
				४			
५	सशर्त अनुदान	२०५,१४०,०००.००	२०५,१४०,०००.००	५	सशर्त अनुदान		२०५,१४०,०००.००
					चालु	१४६,६९३,३२५.१०	
					पुँजिगत	२१,८२६,८८१.७२	
					फिर्ता रकम	३६,६१९,७९३.१८	
६	सामाजिक सुरक्षा शसर्त अनुदान	८४,८७१,६००.००	८४,८७१,६००.००	६	सामाजिक सुरक्षा शसर्त अनुदान	८४,८७१,६००.००	८४,८७१,६००.००
७	बहुक्षेत्रिय पोषण कार्यक्रम शसर्त अनुदान	४२६,३१७.००	४२६,३१७.००	७	बहुक्षेत्रिय पोषण कार्यक्रम शसर्त अनुदान	४२६,३१७.००	४२६,३१७.००
८	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग शसर्त अनुदान	९४९,६४८.००	९४९,६४८.००	८	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग शसर्त अनुदान	९४९,६४८.००	९४९,६४८.००

९	स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	३,२६३,४२३.१४	३,२६३,४२३.१४	९	स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	३,२६३,४२३.१४	३,२६३,४२३.१४
	प्रदेश सरकारबाट प्राप्त अनुदान				प्रदेश सरकारबाट प्राप्त अनुदान		
१०	वित्तिय समानीकरण अनुदान	१०,१८१,०००.००	१०,१८१,०००.००	१०	वित्तिय समानीकरण अनुदान		९,३५२,४५५.००
					चालु	५१२,०००.००	
					पुँजिगत	८,८४०,४५५.००	
११	सशर्त अनुदान प्रदेश सरकार	७,३००,०००.००	७,३००,०००.००	११	सशर्त अनुदान प्रदेश सरकार		७,३००,०००.००
					चालु	२८७,०००.००	
					पुँजिगत	६७०६८०५.५२	
					फिर्ता रकम	३०६,१९४.४८	
१२	समपुरक अनुदान	३,९७७,७६६.००	३,९७७,७६६.००	१२	समपुरक अनुदान	३,९७७,७६६.००	३,९७७,७६६.००
१३	प्रदेश राजश्व	२२७,८०९.२३	२२७,८०९.२३	१३	प्रदेश राजश्व		२२७,८०९.२३
					पुँजिगत	२२७,८०९.२३	
१४	मुख्यमन्त्री रोजगार कार्यक्रम	६,४००,०००.००	६,४००,०००.००	१४	मुख्यमन्त्री रोजगार कार्यक्रम		६,४००,०००.००
					पुँजिगत	४४६७०२२.०६	
					फिर्ता रकम	१,९३२,९७७.९४	
१५	मुख्यमन्त्री रोजगार कार्यक्रम थप	३,९७७,२००.००	३,९७७,२००.००	१५	मुख्यमन्त्री रोजगार कार्यक्रम थप		३,९७७,२००.००
					पुँजिगत	३,९७७,२००.००	
१६	खाद्य सुरक्षा कार्यक्रम	१,१५६,४६०.००	१,१५६,४६०.००	१६	खाद्य सुरक्षा कार्यक्रम	१,१५६,४६०.००	१,१५६,४६०.००
१७	आइशोलेसन तयार	९१९,९९९.००	९१९,९९९.००	१७	आइशोलेसन तयार	९१९,९९९.००	९१९,९९९.००
१८	प्रदेश सरकार पुर्वाधार विकास कार्यक्रम	३,५३४,०७४.६५	३,५३४,०७४.६५	१८	प्रदेश सरकार पुर्वाधार विकास कार्यक्रम		
					पुँजिगत	२,८२७,२५९.६५	
					फिर्ता रकम	७०६,८१५.००	
१९	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	२७९,९३०.००	२७९,९३०.००	१९	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	२३४,१७०.००	२३४,१७०.००
२०	प्रदेश सरकार विषयगत निकायबाट प्राप्त	६८८,९००.००	६८८,९००.००	२०	प्रदेश सरकार विषयगत निकायबाट प्राप्त	३८०,०००.००	३८०,०००.००
२१	कोरोना भाइरस कोभिड १९ रोकथाम तथा नियन्तण	२९,१२७,६२४.००	२९,१२७,६२४.००	२१	कोरोना भाइरस कोभिड १९ रोकथाम तथा नियन्तण खर्च	२६,५५२,९८७.३४	२९,१२७,६२४.००
					प्रकोप व्यवस्थापन कोष बाकि मौज्दात	२,५७४,६३६.६६	
२२	धरौटी आय	५,९८७,०३५.००	५,९८७,०३५.००	२२	धरौटि फिर्ता	१,२५०,५००.००	५,९८७,०३५.००
					धरौटि बाँकि मौज्दात	४,७३६,५३५.००	

२३	संघ संस्थाबाट प्राप्त रकम	१,३७६,५००.००	१,३७६,५००.००	२३	संघ संस्थाबाट प्राप्त रकम	१,३७६,५००.००	१,३७६,५००.००
				२४	बैंक मौज्दात	४५,४८१,९०१.३५	४५,४८१,९०१.३५
	जम्मा	६०२,७९७,८६१.८४	६०२,७९७,८६१.८४		जम्मा	६०२,७९७,८६१.८४	६०२,७९७,८६१.८४

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ६७८५०८१७.४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ५८४३८७१२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९४१२१०५.४ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.	९४१२१०५
३.	**वैक हिसाव मिलानः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको खर्च खातामा असार मसान्तको मौज्दात रु. ६५२८९८२ रहेकोमा खाता बन्द गर्दा रु ६०२७९७८६१.८४ मौज्दात रहेको पाइयो । साट्न बाकी चेकको अद्यावधिक विवरण उपलब्ध गराइ वैक हिसाव मिलान गर्नु पर्दछ ।	
४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. ६१५१४२७ र पुँजीगत खर्च खातामा रु. ३७७५५५ गरी रु. ६५२८९८२ मौज्दात राखेको पाईयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३४ जनाको दरबन्दी रहेकोमा १८ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु ११८८९९५८ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **बजेट तथा कार्यक्रम**	
५.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मनशोभा वुढाले मिति २०७६।३।१० गते रु. ६० करोड २७ लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
६.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
७.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क्र.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
	पूँजिगत खर्चतर्फ	१५०६५५४०२	७००००	२०६७७३४४	५७९०५६५४	७२००२४०३
	प्रतिशत		०.०४	१३.७२	३८.४३	४७.७९

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १५०६५५४०२ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७०००० अर्थात ०.०४ प्रतिशत, दोश्रो चौमासिकमा रु. २०६७७३४४, अर्थात १३.७२ प्रतिशत र तेश्रो चौमासिकमा रु. ५७९०५६५४, अर्थात ३८.४३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७२००२४०३ अर्थात ४७.७९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१९२६१.५४७	१४३९८.६३१	७४.७५
सामाजिक क्षेत्र	२७९११९.७८०	२१६३४६.८३६	७७.५१
पूर्वाधार विकास क्षेत्र	१७७८४७.२६३	८२६४७.७४२	४६.४७
वित्तीय व्यवस्थापन र सुशासन	६८५	६१७.४४०	९०.१३
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	८२४६९.४०९	५८१४०.७२८	७०.४९
जम्मा	**५५९३८३**	**३७२१५१.३७८**	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये वित्तिय व्यवस्थापन र सुशासनमा सबैभन्दा बढी ९०.१३ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ४६.४७ प्रतिशत रहेको छ ।

१०. **बिनियोजनभन्दा वढी खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु. १ करोड ७ हजार ४८६ बढी खर्च गरेको छ । निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । अनियमित भएको रकम रु

बेरुजू रकम: १००७४८६

सि.नं.	शीर्षक	विनियोजित रकम	खर्च भएको रकम	बढी खर्च भएको रकम
१	मसलन्द तथा कार्यालय सामाग्रि खरिद	५०००००	५११६७५	११६७५

दफा	भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
	२	फिल्ड भत्ता	१४४०००	१९६२६७	५२२६७	
	३	सवारी साधन तथा स्काभेटर मर्मत	१००००००	११४३४१७	१४३४१७	
	४	मसलन्द तथा कार्यालय सामाग्रि खरिद	४९९९९९९	५१५४२५८	१५४२६०	
	५	अनुगम तथा मुल्याङ्कन खर्च	१८०००००	२०६०३१५	२६०३१५	
	६	विविध खाजा खर्च	१९९९९९९	२१७३०१७	१७३०१९	
	७	विविध खर्च खाना नास्ता तथा खाजा खर्च	३१२०००	३३२३००	२०३००	
	८	भैपरी आउने चालु खर्च	७०३५४०	८५६७७३	१५३२३३	
	९	करार सेवा शुल्क ना.प्रा.स पशु शाखा	१९५०००	२३४०००	३९०००	
	जम्मा		११६५४५३८	१२६६२०२२	१००७४८६	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
११.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ५८६५०५८ राजस्व बाँडफाँड र अनुदानबाट रु ३७३८४८८०५ समेत रु ३७९७१३८६३ आम्दानी भएकोमा चालु तर्फ रु २२७५०७०४५ र पूँजिगत तर्फ १२९७२७०३८ गरी रु ३५७२३४०८३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.६४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १७२६००० खर्च भएको छ जुन आन्तरिक आयको २९.४२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत ६०.८५ चालु र ३४.७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
१२.	**लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।	

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	२०९	०	१३	२०	१७६

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१३.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	प्रमुख प्रशासकीय अधिकृत, अन्य अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१४.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १२ पदमा २९ जना कर्मचारीहरु करारमा राखि रु. ७२५९९९२ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ११ पदमा २६ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ६३९७७०२ भुक्तानी गरेको अनियमित देखिएको	६३९७७०२
१५.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१६.	**वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । वडा संख्या: ०९; वड सचिवको दरबन्दी: ०९; वडा सचिवको पदपूर्ति: ०३; रिक्त वडा सचिव: ०६	
१७.	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २ वटा ऐन, ६ बटा कार्यबिधि, १ निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	
पञ्जिकरणतर्फ	
जन्मदर्ता । मृत्युदर्ता	१७९९
नागरिकता सिफारिस	३४२
नाता प्रमाणित	५३
विवाह दर्ता	१११
अन्य	२४३४
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	
कालोपत्रे सडक मर्मत	
ग्राभेल सडक निर्माण	
ग्राभेल सडक मर्मत	

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१८. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
३२	६०	५६	२१	३९	२०८

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५० हजार देखि ४ करोड सम्मका जम्मा २०८ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

१९. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, ६ कार्यविधि, १ वटा कार्यविधि लगायत ९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ९ र यो बर्ष थप भएको ६ गरी कुल १५ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>२१.</td><td>पोशाक खर्च - कर्णाली प्रदेशस्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैन भनी व्यवस्था गरेको छ । तर पालिकाले पदाधिकारीलाई पोशाक खर्च वापत खर्च लेखेकोले अनियमित भएको रु.</td><td>५३३००</td></tr>
<tr><td>२२.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १७२६००० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडा अध्यक्ष ९ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २९ जना</th><th>जम्मा ४६</th></tr>
<tr><td>१</td><td>मासीक सुविधा</td><td>३०५००</td><td>२५०००</td><td>१९०००</td><td>१००००</td><td>५०००</td><td></td></tr>
<tr><td>४</td><td>चाडपर्व खर्च</td><td>३०५००</td><td>२५०००</td><td>१९०००</td><td>१००००</td><td>५०००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२२०००</td><td>१०००००</td><td>६८४०००</td><td>२४००००</td><td>५८००००</td><td>१७२६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २५०५००० खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ३१९००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लेखे कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
२५.	**अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रकम असारमसान्त पछि विभिन्न मितिमा गरेको पाइयो ।	

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२०५१४००००	१६८५२०२०६	३६७१९७९३
	विषेश	०	०	
	समपुरक	०	०	
	अन्य	०	०	
प्रदेश सरकार	शसर्त	४७३०००	६९९३८०५	४०३०६१९४
	विषेश	०	०	०
	समपुरक	३९७७७६४	३९७७७६४	३९७७७६४
	अन्य	०		
	जम्मा			

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२६.	**नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले रिमा गलौचा उद्योगलाइ कार्यालय व्यवस्थापन खर्चमा लागि रु. ९९७७५ अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२७.	**महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यको रुपमा योगि नरहरिनाथको जन्म उत्सवमा रु. १५०००० खर्च गरेको छ ।	
२८.	**ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)	

कुल निर्माण खर्च	सोझै खरिद		सिलबन्दी दरभाउपत्र		बोलपत्र		तेश्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१५०६५५	१८	५७६	१	३५००	११	१०४४६५		

२९. **ठेक्का सम्बन्धी विवरणः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकामा बोलपत्रको माध्मबाट सञ्चालित ठेक्काको विवरण निम्नअअनुसार रहेको छ ।

योजनाको नाम	लागत अनुमान (भ्याटसहित)	दर्ता भएका वोलपत्र संख्या	कम कबोल गर्ने	कबोल अंक	वीमा रकम
लिगेडे मुहान माथिल्लो गोठी काड्देवपुन्ना हुदै सिकाल टोल सम्म खापा निर्माण	१४४९५३८४	८	डाइमण्ड निर्माण सेवा	८८४८९७९	७५०००
रहगाड चुना रुप्सा सडक निर्माण योजना	१२४४७६८५	६	श्री सिंहकालिका निर्माण सेवा	३९९१५७४	१०००००
सल्लेचौर खानेपानि निर्माण योजना	४००१८८०	३	कालिका निर्माण देवि सेवा	३९२४०५७	७५०००
महाविसौना देखि कोटवाडा बाउसेरा सडक निर्माण योजना	१४७७४००८	७	जनसेवा अर्डर सप्लायर्स एण्ड रिपब्लिक निर्माण सेवा	७०७२३६२	४००००
आधारभुत स्वास्थ्य सेवा भवन निर्माण योजना वडा २	२६६२१८९	३	कामोजिअ निर्माण सेवा	३६५८८१८	३००००
आधारभुत स्वास्थ्य सेवा भवन निर्माण योजना वडा ४	३६६१९९७	३	आशिष कन्सट्रक्सन एण्ड अर्डर सप्लायर्स	३६५८८५०	३००००
आधारभुत स्वास्थ्य सेवा भवन निर्माण योजना वडा ७	३६६२१०७	३	शुशान्त कन्सट्रक्सन कम्पनी एण्ड अर्डर सप्लार्यस	३६५९७२२	३००००
आधारभुत स्वास्थ्य सेवा भवन निर्माण योजना वडा ९	३६६१९५२	३	लक्ष्मी निर्माण सेवा	३६५८८११	३००००
गाउँपालिका भवन	३७६४७५५७	३	टिडिआर अभियान मंगलदिप जेभी	२७५०८७६७	२०००००

३०. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १०

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२९७२७०३८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. १३२५०००, तथा २ थान चार पांग्रे सवारी साधन खरिदमा रु. १३२२८२०३ बजेटबाट खर्च गरेको छ ।
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>५</td><td>१३२५०००</td></tr>
<tr><td>२</td><td>कार/जीप</td><td>१</td><td>३४२९२०३</td></tr>
<tr><td>३</td><td>डोजर</td><td>१</td><td>९७९९०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७</td><td>१४५५३२०३</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>• कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>३२.</td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १९६५००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ५८६५०५८ अर्थात अनुमान भन्दा २९८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>३४७३५३१९७</td><td>५८६५०५८</td><td>१.६८</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>असुली</th></tr>
<tr><td>मालपोत तथा भुमिकर</td><td>८४४१८</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१७४८५</td></tr>
<tr><td>जडिबुटी खानी र जिवजन्तु कर</td><td>७८७५</td></tr>
<tr><td>प्राकृतिक श्रोत निकासी</td><td>१६०५०</td></tr>
<tr><td>सेवा शुल्क</td><td>२८०२८१</td></tr>
<tr><td>अन्य</td><td>७९८४३६</td></tr>
<tr><td>जे सि वि र डोजर भाडा</td><td>४६६०५१३</td></tr>
<tr><td>जम्मा</td><td>५८६५०५८</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३६.</td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटै वडाबाट पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>आयकर एवं मू.अ.कर</td><td></td></tr>
<tr><td>३७.</td><td>भुक्तानीमा कर - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले ७।२०७६।१२।९ मा नन्दादेवि माविलाइ ICT निर्माणार्थ रु ६५०००० भुक्तानी गर्दा करकट्टी नगरिएकोले भुक्तानीमा नियमानुसार लाग्ने रु. ९७५० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.</td><td>९७५०</td></tr>
<tr><td>३८.</td><td>रितपूर्बकको कर बिजक - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले २०७।२०७७।३।२३ बाट रित पूर्कको कर वीजक बेगर टि.एन.एस. ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी पान न ६०५९१८९९१ बाट मु.अ.कर रु. १०६३८ समेत रु. ९२४७२२ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१०६३८</td></tr>
<tr><td>३९.</td><td>मूल्य अभिवृद्धि कर कट्टी - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>५० प्रतिशत रकम</th></tr>
<tr><td>५। २०७६।८।१३</td><td>मानसिहं कन्सक्ट्रकसन एण्ड इक्वीपमेन्ट</td><td>६०५९३५६७३</td><td>४३९९०४४</td><td>५०६०८४</td><td>२५३०४२</td></tr>
<tr><td>२८। २०७७।१।१७</td><td>मानसिहं कन्सक्ट्रकसन एण्ड इक्वीपमेन्ट</td><td>६०५९३५६७३</td><td>४२७८३२०</td><td>४९२१९६</td><td>२४६०९८</td></tr>
<tr><td>५२। २०७७।३।१८</td><td>उमेश निर्माण सेवा</td><td>६०१६९८६९५</td><td>५७७०६३१</td><td>६६३८७७</td><td>३३१९३८</td></tr>
<tr><td>७५। २०७७।३।२९</td><td>किंरातेश्वर कन्सट्रक्सन</td><td>५००१०५२२५</td><td>१०१०५५८५</td><td>११६२५८</td><td>५८१२९४</td></tr>
<tr><td>८२। २०७७।३।३१</td><td>उमेश निर्माण सेवा</td><td>६०१६९८६९५</td><td>२२३३५३५</td><td>२५६९५५</td><td>१२८४७७</td></tr>
<tr><td>९०। २०७७।३।३१</td><td>मानसिहं कन्सक्ट्रकसन एण्ड इक्वीपमेन्ट</td><td>६०५९३५६७३</td><td>३५४०८१५</td><td>४०७३५०</td><td>२०३६७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३०३२७९३०</td><td>२४४२७२०</td><td>१७४४५२४</td></tr>
</table>
तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>१७४४५२४</td></tr>
<tr><td></td><td>उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>४०.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
४१.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
५। २०७६।८।१३	खुलाल लालु काल्कोट सडक उ स	सडक निर्माण	३५९९८८४	डोजर	३५९९८८४
२८। २०७७।१।१७	छिल्पे खोला पाखा सडक उ स	सडक निर्माण	७२०००००	डोजर	४२७८३२०
५२। २०७७।३।१८	बडेमेला घट्टेखोला सडक उ स	सडक निर्माण	४८०००००	जे सि वि	५७७०६३१
७५। २०७७।३।३०	ढोगना देखि गा पा सडक उ स	सडक निर्माण	२३८८६१६	डोजर	११७४१०७
८२। २०७७।३।३१	घट्टेखोला देखि गा पा सडक उ स	सडक निर्माण	४१००३७१	डोजर	२२३३५३५
	जम्मा		२२०८८८७१		१७०५६४७७

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४२.	**सव कन्ट्याक्टरबाट काम गराएको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले ग्राभेलको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।
<table>
<tr><td>गो.भौ नं/मिति</td><td>उपभोक्ताको नाम</td><td>भुक्तानी रकम</td><td>निर्माण व्यवसायीको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>५। २०७६।८।१३</td><td>खुलालु लालु माल्कोट सडक उ स</td><td>३५९९८८४</td><td>मानसिंह कन्सट्रक्सन एण्ड इक्युपमेन्ट</td><td>३५९९८८४</td></tr>
<tr><td>२८। २०७७।१।१७</td><td>छिल्पेखोला मीर सडक उ स</td><td>७२०००००</td><td>मानसिंह कन्सट्रक्सन एण्ड इक्युपमेन्ट</td><td>४२७८३२०</td></tr>
<tr><td>५२। २०७७।३।१८</td><td>वडेमेला घट्टेखोला सडक उ स</td><td>४८०००००</td><td>उमेश निर्माण सेवा</td><td>५७७०६३१</td></tr>
<tr><td>७७। २०७७।३।३०</td><td>ढोगना देखि गा पा सडक उ स</td><td>२३८८६१६</td><td>उमेश निर्माण सेवा</td><td>११७४१०७</td></tr>
<tr><td>८२। २०७७।३।३१</td><td>घट्टेखोला देखि गा पा सडक उ स</td><td>४१००३७१</td><td>उमेश निर्माण सेवा</td><td>२२३३५३५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३.</td><td>लागत सहभागिता – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>४४.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी १४८ रहेकोमा १४७ जनाको पदपूर्तिको अवस्था छ एवं विद्यार्थीको संख्या ८०२६ रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ९८०२०९१ तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>४६.</td><td>सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षणः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.१३.१० मा भएको व्यवस्था अनुसार आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	रु १५००० का दरले अनुदान दिने व्यवस्था छ ।यस पालिकाका जम्मा ४६ वटा विद्यालयमा ३४ वटा विद्यालयले मात्र लेखापरीक्षण गराएको प्रतिवेदन पेश गरेका छन ।बाँकी १२ वटा विद्यालयको लेखापरीक्षण प्रतिवेदन उपलब्ध भएको छैन । जसमा ४ वटा माध्यमिक तह सञ्चालित विद्यालयहरु र ८ वटा आधारभुत तह सञ्चालित विद्यालयहरुले लेखापरिक्षण नगराएको पाइयो ।उक्त विद्यालयहरुलाइ लेखापरीक्षण वापत प्रदान गरिएको अनुदान रकम माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ रु ६०००० र आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ रु ८०००० गरी जम्मा रु १४०००० रकमको लेखापरिक्षण गराएको प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ ।	
४७.	**शिक्षा तर्फः विद्यालयको लेखापरीक्षण प्रतिवेदन** गत आर्थिक वर्षका विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्दा विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदनको स्थिति निम्नअनुसार देखियो । सो वापतको फिर्ता गर्नुपर्ने रकम उक्त विद्यालयवाट असुल गरीफिर्ता गर्नुपर्ने रु	३८२७२८४

सि न	आ व	विद्यालयको नाम	कार्यक्रम	निकाशा	खर्च	बाँकी फिर्ता गर्नुपर्ने रकम
१	२०७६।७७	वालमाता आवि लालु	दिवाखाजा(१–५)	३०१०८०	१०५३८०	१९५७००
२	२०७६।७७	वालमाता आवि लालु	राहत शिक्षक तलब	३८२२६९	२५५४९०	२६७७५
३	२०७५।७६	शान्ति मावि रातिमाटा	शिक्षक तलब भत्ता	५१३२०९४	४९९१९७९	१४०११४
४	२०७५।७६	शान्ति मावि रातिमाटा	पाठ्यपुस्तक वापत	१९१७४६	१६९४०२	२२३४४
५	२०७६।७७	सरस्वती आवि लालु	शिक्षक तलब भत्ता	७६८१३८	५१३३८०	२५४७५८
६	२०७६।७७	शिशुकल्याण आवि रुप्सा	शिक्षक तलब भत्ता	२१९०६५६	१७०७४६४	४८३१९२
७	२०७६।७७	शिशुकल्याण आवि रुप्सा	पाठ्यपुस्तक वापत	२९८२०१	१४३४५४	१५४७४७
८	२०७५।७६	शिशुकल्याण आवि रुप्सा	पाठ्यपुस्तक वापत	९९८२६	१७२००	८२८२६
९	२०७६।७७	निलकटीमाडु आवि	शिक्षक तलब भत्ता	१४४१३६६	९७६७७२	४६४५९४
१०	२०७६।७७	जनता आवि माल्कोट	शिक्षक तलब भत्ता	५२५७१९	३९४६९२	१३१०२७
११	२०७५।७६	चौथिकोट आवि मजिउन	दिवा खाजा	९८३६०२	५०७७६०	४७५८४२
१२	२०७६।७७	जनउत्थान आवि लालु	दिवा खाजा	२०५३००	७२०००	१३२३००
१३	२०७५।७६	जनउत्थान आवि लालु	दिवा खाजा	३३३०८०	२३६६६०	९६४२०
१४	२०७६।७७	जनजागरण आवि लालु	शिक्षक तलब भत्ता	९८२३७६	६४६५१८	३३५८५८
१५	२०७६।७७	जनजागरण आवि लालु	दिवा खाजा	५७९३००	३२२८२०	२५६४८०
१६	२०७५।७६	मंगलासैनी मावि लालु	शिक्षक तलब भत्ता	२६२८३६१	२३४९३८८	२७८९७३

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>१७</td><td>२०७५।७६</td><td>मंगलासैनी मावि लालु</td><td>दिवा खाजा</td><td>२९५३३४</td><td>०</td><td>२९५३३४</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७३३८४४८</td><td>१३४१०३५९</td><td>३८२७२८४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावे १०००००० का औषधि सोझै खरिद गरेको छ भने रु २२६०१५५ को औषधि ठेक्कमार्फ यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>४८.१.</td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४८.२.</td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</td><td></td></tr>
<tr><td>४८.३.</td><td>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</td><td></td></tr>
<tr><td></td><td>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६३० जनालाई रोजगारी उपलव्ध गराई र ८५८१४७५ खर्च गरेको छ । लक्षित वर्गलाई २० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>५०.</td><td>जिन्सी दाखिलाः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(१) मा खरिद गरिएका वा वस्तुगत सहायताबाट प्राप्त भएका मालसामान ७ दिन भित्र लगत तयार गरी जिन्सी किताबमा आम्दानी बाँधी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । तर प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यालयले देहाएका मिति र स्थानबाट खरिद गरेका सामाग्रीको लगत तयार गरी दाखिला गरेको पाइएन । कार्यालयको मूल अभिलेख किताबमा रु ७४९५०० दर्ता गरेको प्रमाण पेश भएन । तर वडा कार्यालयमा दाखिला गर्ने गरेको छलफलबाट जवाफ प्राप्त भएको छ ।
<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>विक्रेता</th><th>जम्मा रकम</th></tr>
<tr><td rowspan="3">५।२०७७।०३।२९</td><td>एच.डि.पि. पाइप लगाएत अन्य सामाग्री</td><td>न्यू चौलागाई ट्रेड सप्लायर्स</td><td>१३५७४९.८९</td></tr>
<tr><td>जाली, निपल, सुम्वा</td><td>मिलन चौलागाई स्टोर</td><td>३६३००</td></tr>
<tr><td>निपल जाली लगाएत अन्य सामाग्री</td><td>तिला कर्णाली विष्ट जनरल स्टोर</td><td>१९८३५.२०</td></tr>
<tr><td rowspan="2">२।२०७७।३।३१</td><td>ग्याविन वक्स खरिद</td><td>बडिमालिका ट्रेडर्स एण्ड सप्लायर्स</td><td>५०७९३५</td></tr>
<tr><td>घन, घैटी, सावेल र हथौडा</td><td>मिलन चौलागाई स्टोर</td><td>४९६८०</td></tr>
<tr><td></td><td></td><td></td><td>७४९५००.०९</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१.</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।मुख्यमन्त्री रोजगारको २।२०७७।३।३१ बाट गाउँपालिकाको भवन तथा फिल्ड र वडा फिल्ड निर्माण गर्दा गाउँपालिका फिल्ड तथा भवन र वडा फिल्ड निर्माण उपभोक्ता समितिलाई कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिकले रु ३१३६४८५।४३ मूल्याङ्कन गरेकोमा कार्यलयले रु ३२९९९७५।३० भुक्तानी गरेको छ । प्राविधिकले गरेको मूल्याङ्कन भन्दा बढी भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु</td><td>१६३४८९</td></tr>
<tr><td>५२.</td><td>सशर्त कृषिः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । भौ न ३।२०७६।१२।१० बाट सहकारी सिचाई मर्मत सम्भार तथा निर्माण कार्यक्रम वापत हने देखि श्रीकोट सम्म सिचाई कूलो निर्माण गर्दा निर्माण कार्य वापत चाहिने गिट्टी वापतको रु १२०००, वालुवा ढुवानी वापतको रु १८००० र सिमेन्ट ढुवानी गरेवापतको रु ३२००० गरी रु ६२००० रकम बुझेको भर्पाइ उपलब्ध नभएकोले प्रमाण पेश गर्नुपर्ने रु</td><td>६२०००</td></tr>
<tr><td>५३.</td><td>विउविजन खरिदः आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भए सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत निरीक्षण अनुगमन गरेको प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>विउ विजनको मूल्य</th></tr>
<tr><td>६।२०७७।३।१२</td><td>ओखर ३८०० बोट, स्याउ १००० बोट, नास्पति १६०</td><td>४८९६००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>बोट</td><td></td></tr>
<tr><td>२।२०७७।२।१</td><td>किवी २३३ बोट, अनार ३०० बोट</td><td>८१९००</td></tr>
<tr><td>१३।२०७७।३।३१</td><td>मौसमी। जुनारका विरुवा ४७१५ बोट</td><td>१६५०२५</td></tr>
<tr><td>१३।२०७७।३।३१</td><td>सून्तला विजु विरुवा</td><td>१४९९७५</td></tr>
<tr><td>१३।२०७७।३।३१</td><td>कागतिका विजु विरुवा</td><td>१८४९७५</td></tr>
<tr><td>१३।२०७७।३।३१</td><td>टिमुर विजु विरुवा</td><td>६००००</td></tr>
<tr><td>१३।२०७७।३।३१</td><td>अगुरको विरुवा</td><td>२००००</td></tr>
<tr><td>१३।२०७७।३।३१</td><td>अलैचिको विरुवा</td><td>१३३३२०</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>१२८४७९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४.</td><td>गा.पा. शिक्षाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्योट हुनुपर्दछ । समयमा पेश्की फछ्र्योट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।भौ न २।२०७६।८।५ बाट शिक्षा शाखा प्रमुख राम प्रसाद भुसाललाई शिक्षक तालिम, लेखा व्यवस्थापन तालिम वापत रु ४००००० पेश्की लिएकोमा मिति २०७७।३।२४ गते कार्यक्रम नै नगरी सो रकम वैक दाखिला गरेको पाइयो ।यसरी कार्यक्रमलाइ मंसिरमा नै पेश्की लिई चैत्रमा देखिएको कोभिडको कारण देखाइ कार्यक्रम नै नगरेको र सो रकम वैकमै राखी कार्यक्रम सम्पन्न नभएकोले निजलाइ सो वापतको १०% जरिवाना ७ महिनाको रु २३३३३ सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td>२३३३३</td></tr>
<tr><td>५५.</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रमः ८०६६५५०२२०१
५।६।२०७७।३।२३ कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा सहायक स्तरका कर्मचारीलाई तालिम, गोष्ठी, सेमिनार आदिमा भाग लिए वापत रु ८००।०० का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले देहाएका कर्मचारीलाई २०७६।१२।०५ गते सुनौला हजार दिनका आमालाई तरकारी वितरण गरेवापत रु १५००।०० प्रतिदिनका दरले रकम भुक्तानी गरेको छ । निर्देशिकामा भएको व्यवस्था भन्दा बढी भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>नाम पद</th><th>वडा नं</th><th>शेषन</th><th>भुक्तानी दर</th><th>भुक्तानी रकम</th><th>भुक्तानी गर्नु पर्ने दर</th><th>भुक्तानी गर्नु पर्ने रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>ना.प्रा.स. श्री रणाधिर शाहीं</td><td>३,८,९</td><td>३</td><td>१५००.००</td><td>४५००.००</td><td>८००.००</td><td>२४००.००</td><td>२१००.००</td></tr>
<tr><td>ना.प्रा.स. श्री राजेन्द्र शाहीं</td><td>६,७</td><td>२</td><td>१५००.००</td><td>३०००.००</td><td>८००.००</td><td>१६००.००</td><td>१४००.००</td></tr>
<tr><td>कृषि जेटिए श्री सरस्वती भण्डारी</td><td>१</td><td>१</td><td>१५००.००</td><td>१५००.००</td><td>८००.००</td><td>८००.००</td><td>७००.००</td></tr>
<tr><td>कृषि जेटिए श्री अनिता बोहोरा</td><td>२</td><td>१</td><td>१५००.००</td><td>१५००.००</td><td>८००.००</td><td>८००.००</td><td>७००.००</td></tr>
<tr><td>कृषि जेटिए श्री राधिका सहकारी</td><td>५</td><td>१</td><td>१५००.००</td><td>१५००.००</td><td>८००.००</td><td>८००.००</td><td>७००.००</td></tr>
<tr><td>कृषि जेटिए श्री सरिता सहकारी</td><td>४</td><td>१</td><td>१५००.००</td><td>१५००.००</td><td>८००.००</td><td>८००.००</td><td>७००.००</td></tr>
<tr><td>स.म.वि.नि. श्री सरिता</td><td>२०७६/</td><td></td><td>१५००.००</td><td>३०००.००</td><td>८००.००</td><td>१६००.००</td><td>१४००.०</td></tr>
</table>
</td><td>७७००</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

कुमारी विष्ट	९/१३-११						०
जम्माः				१६५००.००		८८००.००	७७००.००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	वडागत चालू	
५६.	**चाडपर्व खर्च भुक्तानीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । भौ न १।२०७७।२।१९ बाट कुनै प्रकारको करार सम्झौता गर्दा प्रथम पक्ष र दोस्रो पक्ष बीच जस्तो किसिमको करार सम्झौता हुन्छ उस्तै किसिमको कार्य गर्नुपर्ने हुन्छ । तर कार्यालयले अ.न.मि. श्री निर्माला कुमारी बस्नेतलाई २०७६।०४।०१ गतेको करार गर्दा सामुदायिक स्वास्थ्य ईकाइ घाटी कोटवाडामा स्वास्थ्य सेवामा सेवा प्रवाह गर्ने र सेवा गरेवापत मासिक रु १००००।०० पाउने भनी करार गरेको छ । तर कार्यालयले निज बस्नेतलाई चाडपर्व खर्च भनी रु १००००।०० भुक्तानी गरेकोमा करारमा नभएको सेवा सुविधा नपाउने हुनाले भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु	१००००
५७.	**विल भर्पाइः** २।२०७७।३।३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) विल भर्पाइ सहितको लेखा राखु पर्ने व्यवस्था छ । तर कार्यालयले वडा नं. २ का वडा सचिव श्री लोकेन्द्र बहादुर बुढाले स्वंय सेविकालाई मोबाइल सिमकार्ड दिएको भनी लेखेको निवेदनका आधारमा रु ३५०००।०० भुक्तानी गरेको छ । निज बुढाले कुन/कुन स्वंय सेविकालाई कुन/कुन मोडेलको मोबाइल फोन, कति/कति रकमको कति/कति नम्वरको सिमकार्ड वितरण गरेको र स्वंय सेविकाले बुझेको भर्पाइ सहितको विवरण पेश नभएकोले उक्त विवरण पेश गर्नुपर्ने रु	३५०००
५८.	**करार सम्झौता भन्दा बढी भुक्तानीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।भौ न २।२०७७।०२।१९ बाट कुनै प्रकारको करार सम्झौता गर्दा प्रथम पक्ष र दोस्रो पक्ष बीच जस्तो किसिमको करार सम्झौता हुन्छ उस्तै किसिमको कार्य गर्नुपर्ने हुन्छ । वडा नं ४ को सामुदायिक स्वास्थ्य ईकाइ धारेवाज रुप्सा र सामुदायिक स्वास्थ्य ईकाइ माझगोठी कुमालगाउँमा सेवा प्रवाह गर्नको लागि करार सम्झौता गरी काममा खटाइएका कर्माचारीलाई तलब भुक्तानी गर्दा बढी भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु	१६३६१

भौ.नं. मिति	नाम/पद	मासिक दर	महिना	भुक्तानी गर्नु पर्ने रकम	भुक्तानी रकम	बढी भुक्तानी रकम
२।२०७७।२।१९	अ.हे.व. श्री मदन बहादुर सहकारी	१००००.००	७	७००००.००	७६३३१.००	६३३१.००
	अ.न.मि. श्री लालचना बुढा	९०००.००	७	६३०००.००	६८७००.००	५७००.००
	का.स. श्री प्रेम बहादुर सहकारी	४०००.००	७	२८०००.००	३००००.००	२०००.००
१।२०७७।२।१९	अ.हे.व. श्री देविसरा बुढा	१००००.००	५	५००००.००	५१६६५.००	१६६५.००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	का.स. श्री शिला बुढा	४०००.००	५	२००००.००	२०६६५.००	६६५.००
	जम्माः			२३१०००.००	२४७३६१.००	१६३६१.००

समानीकरण पूँजिगततर्फ

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५९.	आर्थिक कार्यविधि नियमावली २०६४ मा गत वर्षको भुक्तानी बाँकी विवरण प्रमाणित भएको विलको भुक्तानी गर्न मिल्ने उल्लेख छ । भौचर नम्वर ८।२०७६।८।१२ बाट वडा कार्यालयका गत वर्षका विल संलग्न गरी रु ४०८८११।०० भुक्तानी भएको नियम सम्मत नभएको रु	४०८८११
६०.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा रु १ करोड सम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । नियमावली को सो सीमाको वावजुध पनि लालीघाट देखि सुनथराली सडकलाई रु १ करोड ५० लाख बजेटलाई चार खण्ड विभाजन गरेको र खुलालु-लालु माल्कोट सडक रु १ करोड ५० लाखलाई ३ खण्डमा विभाजन गरी उपभोक्ता समितिलाई काम दिएको छ । त्यस्तै गरी उपभोक्ता समितिले हेभी ईक्वीप्मेन्ट प्रयोग गर्न नमिल्ने र आफूले पाएको काम आफै गर्नु पर्ने ठेक्का लगाउन नहुने नियम भएकोमा ती कामहरु निर्माण व्यवसायी मार्फत सम्पन्न सम्पन्न गरेको छ । निम्नानुसार उपभोक्ताले ठेक्का लगाएको नियम सम्मत नदेखिएकोले काम टुक्रा पारेको रकम रु २३१३४६०४ को कारण र पुष्ट्याई सहितको प्रमाण पे गर्नुपर्दछ ।	

भौ.नं. मिति	कामको विवरण	उ.स.ले काम दिएको निर्माण व्यवसायको नाम	ठेक्का दिएको रकम
५। २०७६।०८।१३	खुलालु-लालु माल्कोट सडक निर्माण	मानसिंह कन्स्ट्रक्सन एण्ड ईक्वीपमेन्ट प्रा.लि.	४३९९०४४।०२
२८। २०७७।०१।१७	छिल्पेखोला भिर सडक निर्माण	मानसिंह कन्स्ट्रक्सन प्रा.लि.	४२७८३२०।४९
१०२। २०७७।३।३१	विश्व कुनाहलेखे सडक	मानसिंह कन्स्ट्रक्सन प्रा.लि.	५१४४४५७।००
९०। २०७७।३।३१	छिल्पेभीर तल्लो भाग सडक निर्माण	मानसिंह कन्स्ट्रक्सन प्रा.लि.	३५४०८१५।७४
५२। २०७७।३।१८	बडेमेला-घट्टेखोला सडक निर्माण	उमेश निर्माण सेवा	५७७१९६६।५३
जम्माः			२३१३४६०४।७८

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६१.	**लालीघाट सुथराली कुमालगाउँ रुप्सा सडक निर्माणः** सार्वजनिक खरिद नियमावली २०६४ तथा कार्य विधि नियमावली २०६४ बमोजिम गतवर्षको फछ्यौट हुन बाँकी पेश्कीको जिम्मेवारी सार्नु पर्ने र सोही बमोजिम पेश्की फछ्यौट गरी बाँकी पेश्कीको अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्थ छ । ७५।२०७७।३।१९ ठेक्का नं. ०१।०७४।७५ को किराँतेश्र्वर कन्स्ट्रक्सन ड्रिलिङ्ग कम्पनी प्रा.लि. लाई लालीघाट सुथराली कुमालगाउँ रुप्सा सडक निर्माणको रु १०१०५५८५।५१ भुक्तानी गर्दा निजको नाममा रहेको र १४१००००।०० पेश्की गएकोमा रु ६१८९७७३।०० गत वर्षको पेश्की फछ्यौट महलमा चढाएकोले फर्छिन पर्ने भन्दा रु ४७७९७७३।०० बढी पेश्की फर्छिन गएको छ । यसबाट गत विगत आर्थिक वर्षका अन्य फछ्र्याट नभएका पेश्की स्वतः घट्न जाने हुनाले विगतका पेश्की विवरण तयार गरी को कसको पेश्की घट्न गएको छ यकिन गरी पेश्की अद्यावधिक भएको	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पुष्टि हुने प्रमाण पेश हुनुपर्दछ ।	
६२.	**लालीघाट सुथराली कुमालगाउँ रुप्सा सडक निर्माणः** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको नापजाँच गरी प्राविधिक मूल्याङ्कन भएको ३० दिन भित्र विल भुक्तानी हुनुपर्ने उल्लेख छ । २०७६।११।१० मा लालीघाट सुथराली कुमालगाउँ रुप्सा सडक निर्माणको नापी भएकोमा २०७७।३।२९ मा विल भुक्तानी भएको छ । ४ महिना १९ दिन सम्म विल भुक्तानी नगर्नाको पुस्ट्याइ पेश भएन भने २०७४।१२।९ मा काम सुरु गर्नुपर्ने उल्लेख भए तापनि काम सम्पन्न गर्नुपर्ने मिति र म्याद थपको फाइल समेत पेश भएन । अतः म्याद थप स्वीकृतिको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्झौता अंक रु १५८४२७८०।३१ को १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतले हर्जना हिसाव गरी दाखिलाको प्रमाण समेत पेश हुनुपर्दछ ।	
६३.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । वडा नं. ९ मा जग्गा खरिद गरी गत वर्ष रु ५०००००।०० भुक्तानी भै यस वर्ष रु २०००००।०० भुक्तानी गरेको छ । भौ.नं. ३३।२०७७।१।२४ बाट जय बहादुर बुढाको कृषि विकास बैंकको खाता नं. ०७२६००१५२९२४३०११ मा रकम जम्मा गरेको पाइयो उक्त रकम जग्गा धनी गणेश कुमार शाहीको नाममा बैंक खाता नभएकोले अर्काको नाममा जम्मा गरेको भनिएकोमा सो व्यक्तिले गणेश बहादुर शाहीको नाममा चेक जारी गरी जग्गा धनीले रकम प्राप्त गरेको खातावाला जय बहादुर बुढाको बैंक स्टेटमेन्ट पेश हुनुपर्ने रु	२०००००
६४.	**विश्वकुना हलेसे सडकः** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।विश्वकुना हलेसे सडक उपभोक्ता समितिको कूल प्राविधिक मूल्याङ्कन रु ४३११३८१।०० भएकोमा अघिल्लो बिल सम्मको रु ३५९९८८४।०० घटाई रु ८८९३७१।७० यस विलको मूल्याङ्कन भएकोमा रु ३५९९८८४।०० चालु बर्षको पेश्की फछ्यौंट जनाएको छ । पेश्की नदिएतापनि पेश्की फछ्यौंटको महलमा चढेको पेश्की रकमले अन्यलाई दिएको पेश्की जम्मामा घट्न जाने भएकोले यथार्थ पेश्की विवरण तयार गरी उक्त रकमबाट कूल चालु आ.व. को पेश्कीमा नपरेको प्रमाण पेश हुनुपर्दछ ।	
६५.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था त्यस्तै नियम ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।भने आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । स्वीकृत नर्म्सका आधारमा खर्चका लागत अनुमान तयारी आवश्यक मालसामान र भत्ता दिने गरी कर्मचारीबाट सर्भे को काम गराउनु पर्दछ । निम्नानुसार सर्भे गरी रकम भुक्तानी गरेकोमा खर्चका विल भर्पाइ नराखी ठेक्का विल संलग्न गरी प्राविधिक कर्मचारीलाई रकम भुक्तानी गरेको छ भने अग्रिम कर समेत नकाटेकोले दाखिला गर्नुपर्ने रु	६८८७०३

भौ.नं. मिति	कर्मचारीको नाम	भुक्तानी रकम
३२।२०७७।१।२२	स.ई. मनि प्रसाद पाण्डे	२४७९३३।००
९३।२०७७।३।३१	ई. निरक कुमार शाह	४४०७७०।००

दफा	भौ.नं, मिति र ब्यहोरा		बेरुजू रकम
	जम्माः	६८८७०३।००	
६६.	**धाँचुखोला साना जलविद्युत आयोजनाः** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार उपभोक्ता मार्फत खरिद कार्य गर्न नमिल्ने रु १ करोड भन्दा बढीको काम उपभोक्ताबाट नगराउने साथै जटिल संरचना भएका काम समेत उपभोक्ताबाट गराउन नमिल्ने उल्लेख छ । कूल रु १५०१८०३६४।०० लागत अनुमान भएको धाँचुखोला साना जलविद्युत आयोजनाको १ खण्ड छुट्टै लागत अनुमान रु ९९९४९१९।०४ तयार गरी उपभोक्तालाई जिम्मा दिएकोमा उमभोक्ताले अन्य काम नगरी एम. एस पेन स्टक पाइप मात्र खरिद गरी रु ४६७१०००।०० भुक्तानी भएको पाइयो । त्यस्तै गरी उक्त आयोजनाको लागि ०७७।७८ मा बजेट व्यवस्था नगरेको र खरिद भएका पाइप वेवारिसे अवस्थामा छाडिएको हुँदा उक्त पाइपको गुणस्तर ह्रास मात्र हुने नभै हानी नोक्सानी हुने भएको, खरिद कार्य गराउने र सम्झौता बमोजिमका काम नगरी खरिद कार्य मात्र गरी भुक्तानी माग गर्ने उपभोक्ता समितिलाई समेत जिम्मेवार बनाई उक्त सामानको भण्डारण र सुरक्षाको सुनिश्चित गराई सो सामानको सदुपयोग भएको प्रमाण पेश गर्ने रु		४६७१०००
६७.	**रानीडाँडा खानेपानी तथा सरसफाइ योजनाः** भौ न ७१।२०७७।३।२९ बाट उपभोक्ता समितिलाई खानेपानी योजना हस्तान्तरण गरे पश्चात संचालन कार्य विधि तयार गरी नियमित पानी संचालनको लागि शुल्क उठाउने गरेको हुन्छ । सो काममा पानीका मिटर सम्वन्धित धारामा जडान गर्ने व्यक्तिले नै खरिद गर्ने गरेको देखिन्छ । रानीडाँडा खानेपानी तथा सरसफाइ योजनाको लागि ३६३ थान धाराको मिटर खरिद गरी रु ४९७९७४।०० खर्च लेखेको छ । यस प्रकार हस्तान्तरण भएका खानेपानी योजनाको लागि धाराको मिटर प्रदेश खानेपानी कार्यालयले समेत खरिद गरेको देखिन्छ । पालिकाबाट र प्रदेश खानेपानी कार्यालयबाट पनि मिटर खरिद गरेको देखिएको छ भने उपभोक्ताले पनि मिटर खरिद गरेर जडान गरेको हुन्छ ।यस सम्बन्धमा छानविन गरी जनताले निःशुल्क मिटर प्राप्त गरेको प्रमाण पेश हुनुपर्ने रु		४९७९७४
६८.	**अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।		

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो बर्ष सम्मको खर्च	भौतिक प्रगति
१	लिगुडे मुहान माथिल्लो काडदेवपुन्ना सिकाल टोल खानेपानी योजना	डाइमण्ड निर्माण सेवा	२०७७/२/११	२०७८/३/३०		०
२	महाबिसौना देखि बाउसेरा सम्म सडक	जनसेवा अर्डर एण्ड स्पलायर्स	२०७६/१२/२०	२०७८/३/३०	३९७७०००	५६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	निर्माण					
३	सललेचौर खानेपानि निर्माण योजना		२०७६।१०।३०	२०७८/३/३०		०
४	स्वास्थ्य संस्था नभएका वडा कार्यलायमा स्वास्थ्य संस्था निर्माण वडा नं २	कामुजिअ निर्माण सेवा	२०७६/०३/२६	२०७८/३/३०	१५५९०००	४३
५	स्वास्थ्य संस्था नभएका वडा कार्यलायमा स्वास्थ्य संस्था निर्माण वडा नं ४	आशिस कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	२०७६/०३/३०	२०७८/३/३०	१६०००००	४४
६	स्वास्थ्य संस्था नभएका वडा कार्यलायमा स्वास्थ्य संस्था निर्माण वडा नं ८	लक्ष्मी कर्णाली निर्माण सेवा	२०७६/०३/३०	२०७८/३/३०	१५९३०००	४३
७	स्वास्थ्य संस्था नभएका वडा कार्यलायमा स्वास्थ्य संस्था निर्माण वडा नं ७	शुसान्त कन्ट्रक्सन कम्पनी एण्ड अर्डर सप्लायर्स	२०७६/०३/३०	२०७८/३/३०	१५७१०००	४३

६९. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

७०. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

७१. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । रु हजारमा

क.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनबाट निर्धारण भएका

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th></th><th></th><th>आयोजनाको लागत</th></tr>
<tr><td>१</td><td>सडक लिफ्ट सिचाई डि पि आर</td><td>टि एन एस ईन्जिनियरिङ कन्सल्टेनसि प्रा.ली/ईन्जिनियर निरक कुमार शाह</td><td>१५००</td><td>१४१०.७७०</td><td>१४३७३९.३१८</td></tr>
<tr><td>२</td><td>धाँचुखोला साना जलविद्युत आयोजना डीइडी</td><td>भिजन ईन्जिनियरिङ कन्सल्टेन्सि प्रा.ली</td><td>१०००</td><td>९८४.२३</td><td>१५०१८०.३६४.८८</td></tr>
<tr><td>३</td><td>सडक डि पि आर</td><td>टि एन एस ईन्जिनियरिङ कन्सल्टेनसि</td><td>१०००</td><td>९२४.७२२</td><td>७०२२७७.५३०</td></tr>
<tr><td>४</td><td>सडक लिफ्ट सिचाई डिपि आर</td><td>ईन्जिनियर निरक कुमार शाह</td><td>१५००</td><td>१४१०.७७०</td><td>१५३२०८.३७२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३५००</td><td>३३१९.७२२</td><td>११४९४०५.५८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>७२.</td><td>प्रदेश सरकार शशर्त अनुदानः
हिलेसी देखि माल्कोट सडकः सार्वजनिक खरिद नियमावली २०६४ को ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाइ जनश्रमदानको अशं कटाएर भुक्तानी दिनुपर्ने व्यवस्था छ ।हिलेसी देखि माल्कोट सडक उपभोक्ता समितिको कूल मल्याङ्कन रु ३५३४०७४।६५ भै रु ७०६८१५।०० उपभोक्ताको अंश कट्टा गरी रु २८२७२५९।७२ भुक्तानी हुनुपर्नेमा उपभोक्ताको अंश समेत भुक्तानी गरी उक्त बढी भुक्तानी भएको रकम उपभोक्ताबाट फिर्ता प्राप्त गरी पालिकाको खातामा राखेकोले शशर्त अनुदानको फिर्ता हुने रकम पालिकामा राख्न नमिल्ने हुँदा बेरुजु दाखिला हुनुपर्ने रु</td><td>७०६८१५</td></tr>
<tr><td>७३.</td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनै पनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>७४.</td><td>स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमः आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । भौ न २।२०७७।३।३० बाट रुपादेवी आवि फिल्ड निर्माण वापत रु ९६०००० भुक्तानी गर्दा निम्न शिर्षकमा वढी रकम भुक्तानी भएकोले उक्त वढी भुक्तानी असुल गर्नुपर्ने रु

१० कार्यसम्पन्न प्रतिवेदनमा Purchasing, supply and delivery of machine made gabion boxes मा ३*१*१ को gabion ३८ परिमाण भुक्तानी भएकोमा नापी किताबमा १४ वटाको मात्रै नाप भएको छ । यसरी जम्मा १४ वटा gabion को मात्र काम हुदा थप २६ वटा</td><td>४६८९१९</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	gabion को रु ६४६६.३४ का दरले रु १६८१२४ वढी भुक्तानी २० Filling and packing of machine-made gabion boxes मा नापी किताबमा ११८ परिमाण काम भएकोमा कार्यसम्पन्न विलमा १८२ परिमाण कामको भुक्तानी भएकोले वढी भुक्तानी भएको ६४ परिमाण कामको रु ४०८२.८१ का दरले रु २६१३०० वढि भुक्तानी ३० Earthwork in excavation को काम नापजाच गरेको नापी किताबमा नचढाइ नै कार्यसम्पन्न विलमा ३३.१२ परिमाण कामको रु ११९२.५० का दरले ३९४९५ भुक्तानी भएको	
	समानीकरण चालुतर्फ	
७५.	**बिल भरपाई नभएको -** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । २६५।२०७७।३।३१ ईश्वर अफसेट प्रेसलाई जग्गाधनी स्रेस्ता उतार वापत रु ३०४२०।०० भुक्तानी गरेकोमा फोटोकपी विल पेश भएकोले प्रमाण पेश गर्नुपर्ने रु	३०४२०
७६.	**मर्मत अभिलेख खाताः** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम सवारी साधन मर्मत गरेपछि मर्मत अभिलेख खाता अद्यावधिक गरी राख्नु पर्दछ । निम्नानुसार मर्मत खर्च लेखेकोमा मर्मत अभिलेख खाता नराखेकोले सवारी साधनगत रुपमा छुट्टाछुट्टै मर्मत अभिलेख खाता राख्नुपर्दछ ।	

भौ.नं. मिति	विवरण	मर्मत खर्च
११।२०७६।७।१५	भे १ झ २८४ गाडी	३५००००
२०।२०७६।८।१०	भे १ झ २८४ गाडी	१९८९५९
२६।२०७६।८।११	एक्साभेटर	३४००००
९५।२०७६।१२।९	भे १ झ २८४ गाडी	४११७४
१८९।२०७७।३।१४	एक्साभेटर	१५०९७०
जम्माः		१०८११०३

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
७७.	**पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक भुक्तानी गर्दा कुल भुक्तानी रकमको नियमअनुसार लाग्नु पर्ने पारिश्रमिक करकट्टी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक करकट्टी नगरिएकोले सो रकम कट्टी गरी दाखिला गर्नुपर्ने रु	१४५३०९

सि न	कर्मचारीको नाम र पद	वार्षिक आय	कट्टी रकम	करयोग्य	कर रकम
१	सि अ हे व छैठौं कृष्ण चन्द्र संज्याल	७३०११०	५२००००	२१०११०	३२०२२
२	सि अ हे व छैठौं अमर वटाला	७१९३१०	५२००००	१९९३१०	२९८६२
३	सि अ हे व छैठौं लक वहादुर बटाला	७३४९१०	५२००००	२१४९१०	३२९८२
४	डा. जितेन्द्र महतो	८८१४६३	५४६५१४	३३४९४९	४०४८४
७	रोजगार संयोजक दिपेन्द्र बहादुर बुढा	६१९५९०	५२००००	९९५९०	९९५९

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	जम्मा १४५३०९	
७८.	**भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य सहित भ्रमणमा खटाएको व्यहोरा आश्वस्त गर्नुपर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
७९.	**लाभग्राहीको नाम नविकरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७(१) मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्विधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।	
८०.	**प्रतिवेदन पेश गर्नुपर्ने :** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा पालिकामा सो नियमको पालना भएको पाइएन ।पालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।	
८१.	**भत्ता रकम वितरण व्यवस्थाः** सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ को नियम १६	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	(क) मा स्थानिय तहले सम्बन्धित वडा कार्यलयमार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ताभित्र दोस्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरि सक्नुपर्ने व्यवस्था भएकोमा कार्यविधिको पालना भएको पाइएन। पालिकाले कार्यविधिको पालनमा ध्यान दिनुपर्दछ।	
८२.	**पारदर्शिता कायम गर्नुपर्ने :** सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ को नियम ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेछ साथै (ख) मा स्थानिय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा सोको पालना भएको पाइएन । पालिकाले कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ ।	
८३.	**विवरण पठाउनु पर्ने :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन। कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ ।	
	विपद् व्यवस्थापन	
८४.	**कार्य योजना** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।	
८५.	**वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
८६.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण ,-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख , मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।</td><td></td></tr>
<tr><td></td><td>राहत उद्धार तथा पुनर्स्थापना (कोभिड १९) तर्फः</td><td></td></tr>
<tr><td>८७.</td><td>बजेट खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, आर्थिक कार्यविध नियमावली २०६४, मूल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५३, आयकर ऐन २०५८ अनुसारका प्रक्रिया अपनाउनु पर्दछ । ऐन नियमको प्रावधान पालना नभएको देखिएकोमा संकटको समयमा सवारी साधन नचल्ने व्यापार व्यवसाय नखुल्ने समस्या भई तुरुन्तै खर्च गर्नुपर्ने भएकोले नियमका व्यवस्था पालना हुन नसकेको पालिकाको भनाई रहेको छ ।</td><td></td></tr>
<tr><td>८८.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम खरिद भएका सामानहरु जिन्सी दाखिला गरी भण्डारण उपयोग गर्नुपर्दछ । पालिकाले खरिद गरेका सिरक, डसना, कम्वल, सिरानी, भाँडा वर्तन, पानी टंकी लगायतका खर्च भएर नजाने सामानहरु जिन्सी दाखिला गरे तापनी कोभिड-१९ नियन्त्रणमा आए पश्चात कार्यालयमा मौज्दात रहेका छैन । यस सम्वन्धमा सोधनी हुँदा सम्वन्धित क्वारेन्टीन रहेका विद्यालयमा दिएको केही सामान विद्यालयमा रहेको मौज्दात रहेको र हाल प्रयोगमा नआउने अवस्थामा रहेको, केही सामान सम्वन्धित क्वारेन्टीनमा बस्ने व्यक्तिहरुले नै लगेको भन्ने जवाफ प्राप्त भएकोमा त्यसरी विद्यालयहरुले सामान बुझिलिएको र क्वारेन्टीनमा बस्ने व्यक्तिलाई बुझाएको भने देखिएन ।अतः यस सम्बन्धमा छानविन गरी के कति त्यस्ता जिन्सी सामान छन । हाल के कस्तो अवस्थामा छन यकिन गरी सामानको भण्डारण व्यवस्था गर्नुपर्दछ ।अभिलेख दुरुस्त नभएको अवस्थामा खरिद गरिएका सामानको सही सदुपयोग भएकोमा आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>८९.</td><td>गन्तव्यमा पुग्न नसकि अलपत्रमा परेकालाई उद्धार ज्याला मजदुरी गर्नेलाई राहत वितरण, क्वारेन्टीनमा राखि खाने बस्ने उपचारका व्यवस्थाका अलावा यस पालिकाले विभिन्न शीर्षक दिएर नगद वितरण गरेको पाइयो । यसरी नगद वितरण गर्नाले खर्च रकम सदूपयोग भएकोमा आश्वस्त हुने अवस्था रहेन । नगद वितरणको व्यहोरा निम्नानुसार छन् :
<table>
<tr><th>भौ.नं. मिति</th><th>विवरण/वापत</th><th>रकम रु</th></tr>
<tr><td>२६।२०७७।२।१४</td><td>नेपालगँजमा अलपत्र परेकालाई नगद</td><td>२७५००</td></tr>
<tr><td>८२।२०७७।३।२९</td><td>विपन्न वालबालिकालाई राहत नगद</td><td>९९९९०</td></tr>
<tr><td>८२।२०७७।३।२९</td><td>दलित समुदायका परिवारलाई राहत नगद</td><td>१२०३७५</td></tr>
<tr><td>८५।२०७७।३।२९</td><td>अतिजोखिम विपन्न वालबालिकालाई राहत नगद</td><td>१०००००</td></tr>
<tr><td>९७।२०७७।३।३१</td><td>विपन्न दलित समुदायका वालबालिकालाई राहत नगद</td><td>१३७५६४</td></tr>
<tr><td>१०६।२०७७।३।३१</td><td>विपन्न वालबालिकालाई राहत नगद</td><td>२२००००</td></tr>
<tr><td>१०८।२०७७।३।३१</td><td>विपन्न वालबालिकालाई राहत नगद</td><td>२२००००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>९२५४२९</td></tr>
</table>
यस प्रकार रु ९२५४२९।०० वालबालिकालाई नगद वितरण गर्नुको पुस्ट्याई पेश भएको छैन । विपन्न घर परिवार राहत वितरण गरेपछि वालबालिकालाई छुट्टै नगद दिनुपर्ने आवश्यकताको पहिचान भएको छैन । व्यक्तिले पेश्की लिएको भर्पाइ संलग्न गरी पेश्की फछ्र्यौट गर्ने तथा सोधभर्ना हुने गरेकोमा रकम सम्वन्धितले पाएकोमा आश्वस्त हुने अवस्था रहेन भने नगद वितरणको औचित्य पुष्टि हुनुपर्ने रु</td><td>९२५४२९</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>९०.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।सदरमुकाममा रहेका दुई होटलमा क्वारेन्टीन राखी खाना बस्नको व्यवस्था गरे वापत भुक्तानी गरेको विल भर्पाइ परीक्षण हुँदा देखिएका व्यहोरा निम्न छन् :
(क) होटल चन्द्र सूर्यलाई भौचर नं. ३८।२०७७।२।२० बाट रु ५१८६७०।०० र भौचर नं. ९२।२०७७।३।२१ बाट खानाको रु ४२४०३००।०० र क्षतिपूर्तिको रकम रु १०१०९५०।०० भुक्तानी गरेको र सनलाइट होटल एण्ड रेस्टुरेन्टलाई भौचर नं. ७९।२०७७।३।२६ बाट खानाको रु ३७३८४५०।०० र क्षतिपूर्ति रु १०१४०००।०० भुक्तानी गरेकोमा क्वारेन्टीनमा बस्नेहरुको कुनै नामावली सहितको ठेगाना खुल्ने विवरण पेश भएको छैन ।
(ख) २ होटललाई रु २०२४९५०।०० क्षतिपूर्ति दिएकोमा होटलसँगको सम्झौतामा होटलको हानी नोक्सानी भएमा क्षतिपूर्ति दिने उल्लेख छ तर होटलवालाको कारणले हानीनोक्सानी भएमा के हुने उल्लेख छैन भने तोडफोड गरेको विवरण समेत नखुलाई र तोडफोडको कारण नखुलाई क्षतिपूर्ति दिएको पाइयो । उक्त क्वारेन्टीन स्थलमा तलबी स्वयंसेवक रहेका र १८७ व्यक्ति खाना खर्च समेत भएको सुरक्षाकर्मी भएको अवस्थामा तोडफोडको कुनै कारण नजानाई तोडफोडकर्ताको परिचय नखुलाई क्षतिपूर्ति दिएको हुँदा छानबिन गरी होटलवालाको कारणले तोडफोड भएको भए क्षतिपूर्ति दिन नमिल्ने र तोडफोड कर्ताको पहिचान गरी निजहरुलाई जिम्मेवार बनाउनु पर्ने तथा तत्काल खटिएका स्वयंसेवक र सुरक्षाकर्मीबाट स्पष्ट सूचना प्राप्त नगरेको अवस्थामा एक तर्फी रुपमा क्षतिपूर्ती दिनु यूक्ति संगत देखिदैन । स्पेशल खाना, मासु, नास्ताको महंगो दररेट भुक्तानी गरेकोमा खानाको गुणस्तरहीन भएको कारण तोडफोड भएको भन्ने गुनासो आएको छ तर कार्यालयले भने तोडफोडको कुनै कारण खुलाएको छैन । कारण विना नै क्षतिपूर्ति दिएकोले पुष्ट्याइ पेश हुनुपर्ने रु</td><td>२०२४९५०</td></tr>
<tr><td>९१.</td><td>महामारी फैलन सक्ने अबस्थालाई मध्यनजर राख्दै यस गाउपालिकाबाट सम्पादन गरिएको पूर्बतयारी सम्बन्धी कार्यहरु निम्नअनुसार रहेको पाइयो ।
<table>
<tr><td>पूर्व तयारी सम्बन्धी गर्नुपर्ने कार्य</td><td>सम्पादन भएका प्रमुख क्रियाकलापहरु</td><td>खर्च रकम</td></tr>
<tr><td>औषधी तथा स्वास्थ्य सामाग्रिहरु खरिद</td><td>औषधी तथा स्वास्थ्य सामाग्रिहरु खरिद</td><td>४५१९५७५</td></tr>
<tr><td>राहत वितरण गाउँपालिका भरी</td><td>राहत वितरण गाउँपालिका भरी</td><td>४३४८७५९</td></tr>
<tr><td>स्वयम सेवक पारिश्रमिक</td><td>स्वयम सेवक पारिश्रमिक</td><td>१०७९५५०</td></tr>
<tr><td>सवारी साधन भाडा</td><td>सवारी साधन भाडा</td><td>७९२०७०</td></tr>
<tr><td>क्वारेन्टाइनमा खाना खर्च</td><td>क्वारेन्टाइनमा खाना खर्च</td><td>११८८९०७३</td></tr>
<tr><td>क्वारेन्टाइन व्यवस्थापन खर्च</td><td>क्वारेन्टाइन व्यवस्थापन खर्च</td><td>३७६७४६९</td></tr>
<tr><td>अनुगमन मुल्याङक तथा बैठक भत्ता</td><td>अनुगमन मुल्याङक तथा बैठक भत्ता</td><td>१७०२५०</td></tr>
<tr><td>जनचेतना मुलक कार्यक्रम</td><td>जनचेतना मुलक कार्यक्रम</td><td>९०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२६५७५७४७</td></tr>
</table></td><td></td></tr>
<tr><td>९२.</td><td>यस गाउपालिकाको औषधी स्वास्थ्य साम्रगी एवं उपकरण प्राप्ती सम्बन्धी निम्न विवरण पाइयो ।
<table>
<tr><th>स्वास्थ्य सामाग्री उपकरणको विवरण</th><th>प्रदान गर्ने निकाय वा संस्था</th><th>परिमाण</th><th>प्राप्त औषधी स्वास्थ्य सामग्री उपकरणको मूल्य</th><th>प्रयोगको अवस्था</th></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

मेट्रेक्स बाल्टी बाटा	स्थानीय तह स्वास्थ्य शाखा	१०, ३०, ३०		सबै खर्च
थर्मोलगन पि पि इ सेट		१०, १००		
माक्स साबुन सेनिटाईजर		१५०००,५००,१००		
ब्लान्केट डस्ना तन्ना		१००,४०,२ थान		

९३. **यस गाउपालिकाले निर्माण गरेको क्वारेन्टीन /होल्डिङ सेन्टर व्यवस्थापन सम्बन्धी निम्म विवरण पाइयो ।**

क्रस	यस निकायले तयार वा सञ्चालन गरेको क्वारेन्टिन/होल्डिङ सेन्टरको नाम	निर्माण खर्च	बेड संख्या	क्वारेन्टिनमा बस्नेहरुको संख्या		सञ्चालन ब्यबस्थापन प्रयोजनको खर्च
				दैनिकरुपमा बसेको अधिकतम संख्या	आषाढ मसान्त सम्म क्वारेन्टिनमा बसेकाहरुको कुल संख्या	
१	रमा मा बि कालाशिला	५४.९५५	१०	३४	३४	१४७.६५५
२	जनता मा बि रुप्सा	११४.१३	१५	४८	४८	२४४.९९
३	शान्ती मा बि रातीमाटा		६	३७	३७	७६.६६५
४	नन्दादेवी उ मा बि कोटवाडा	४०	१०	४५	४५	१२५.३७
५	रुपादेवी नि मा बि उच्छव		४	११	११	४१.१९
६	जनप्रभात मा बि श्रीकोट लालु		५	२१	२१	४९.८
७	रुपादेवी आ बि डाँडाखाल	८.०९०	५	३५	३५	९७.०९
८	निलकण्ठ आ बि गोठी	१०५.६५६	५	४४	४४	१५८.१४
९	जनप्रभात मा बि श्रीकोट लालु	१६५.००२	४			
१०	डाँफे आ बि अदेला		४			
११	जनजागृत आ बि लालु		४			
१२	मंगलशैनी खिरचौका मा वि लालु		४	२४	२४	९३.६
१३	खुलालु क्वारेनटाइन निर्माण	१६३३.५६९				
१४	होटल चन्द्र सुर्य मान्म कालिकोट					५७६१.८६३
१५	बालममता आ वि लालु वडा नं ८			१८	१८	७५.६
१६	सनलाइट होटल मान्म कालिकोट			१३५	१३५	३७३८.४४४
	जम्मा			२५० जना	२५० जना	१३६७८.४९५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

९४. **यस गाउपालिकाले कोभिड महामारीको समयमा राहत सामग्रीको खरिद र वितरणको परिमाण निम्न रहेको पाइयो ।**

राहत सामग्री	ईकाइ	खरिद परिमाण	प्रतिईकाइ दर	रकम	वितरण परिमाण	बाँकी परिमाण	गुणस्तरमा सिकायत छ । छैन
चालम	बोरा	२८०	१५०६.१	४२१७२०	सबै वितरण गरि सकेको		
जम्मा			१५०६.१	४२१७२०			

९५. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

बेरुजू रकम: ३१४५२००

पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम	खर्च उपशिर्षक	जम्मा
१. उपभोक्ता समिति पेश्की				
२०७६/८/१३	विश्वकुना देखि हलेसे सम्म सडक निर्माण	विश्वकुना देखि हलेसे सम्म सडक उ स	३११५१	४०००
जम्मा				४०००
२) व्यक्तीगत पेश्की				
२०७६/७/५	अन्य भाडा ढुवानी	विपिन प्रसाद भट्टराइ	२८१४९	४००००
२०७६/१०/२२	मेशिनरी तथा औजार	विपिन प्रसाद भट्टराइ	३११२२	१५००००
२०७६/१२/१४	परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि औजार खरिद	अमर बहादुर बटाला	२७२१३	२७०००
२०७६/१२/१४	मातृ तथा नवशिशु कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण	अमर बहादुर बटाला	२२५२२	१००००
२०७६/१२/१४	औषधि लगायतका सामाग्रीको ढुवानी तथा रिप्याकिङ र वितरण	अमर बहादुर बटाला	२७२१३	७००००
२०७६/१२/१४	नियमित तथा पूर्ण खोप दिगोपना र खोप ढुवानी	अमर बहादुर बटाला	२२५२२	४८०००
२०७६/१२/१४	रेबिज सर्पदश आदिको जनचेतनासम्बन्धी कार्यक्रम	अमर बहादुर बटाला	२२५२२	१५०००
२०७६/१२/१४	मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवस मनाउने	अमर बहादुर बटाला	२२५२२	९०००
२०७६/१२/१४	पोषण कार्यक्रम	अमर बहादुर बटाला	२२५२२	७८४००
२०७६/१२/१४	दादुरा रुवेला खोप अभियान	अमर बहादुर बटाला	२२७११	६३०००

दफा	भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
	२०७६/१२/१४	न्युनतम सेवा मापदण्ड कार्यान्वयनका लागि आवश्यक औजार उपकरण खरिद मर्मत	अमर बहादुर बटाला	२२७११	१०००००	
	२०७६/१२/१४	विरामिको लागि ओ पी डि टिकट	अमर बहादुर बटाला	२२७११	५००००	
	२०७६/१२/१४	नसर्ने रोग सम्बन्धी कार्यक्रम	अमर बहादुर बटाला	२२५१२	७००००	
	जम्मा				७३०४००	
	३) संस्थागत पेश्की					
	२०७६/८/२५	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	चौथिकोट आ वि डाडाखला	३११५९	४६०८००	
	२०७६/१२/९	विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	नन्दादेवि मा वि कोटवाडा	२२७११	६५००००	
	२०७६/१२/९	विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	नन्दादेवि मा वि सेरापाटा	२२५२२	२८२०००	
	२०७६/१२/९	विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	नन्दादेवि मा वि सेरापाटा	२२५२२	३६८०००	
	२०७७/२/४	विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	विश्वकुना मा वि माझगोठी	२२५२२	५०२०००	
	२०७७/२/४	विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	विश्वकुना मा वि	२२७११	१४८०००	
	जम्मा				२४१०८००	
	कुल जम्मा				३१४५२००	

अनुसुची-१

नरहरिनाथ गाउँपालिकाको संचितकोष विवरण
२०७६/७७

कर्णाली प्रदेश
(रु.हजारमा)

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
कालिकोट	नरहरिनाथ गाउँपालिका	१०९४३६५	३६६९४	३.३५	५८४३९	३४४२९९	५१२३७	५८६५	१४२९५९	५४४३६०	२२८३०६	१५६७७४	१६४९२५	५५०००५	५२७९४

अनुसुची-२

नरहरिनाथ गाउँपालिकाको बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा

जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
कालिकोट	नरहरिनाथ गाउँपालिका	७२	२६	३६६९४	०	०	०	७२	२६	३६६९४	६०६८	१७२७९	१०२०२	०	०	२७४८१	७३०	२४१५	३१४५

अनुसुची-३

नरहरिनाथ गाउँपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको बाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	यस वर्ष सम्मको बाँकी वेरुजु	यस वर्ष सम्मको बाँकी वेरुजु मध्ये पेश्की
कालिकोट	नरहरिनाथ गाउँपालिका	**३१५९६**	०	०	०	०	०	३१५९६	३६६९४	६८२९०	६४४७